नेपाली

Vol.34 | 2023.07

भिविन्न देशका बिदेसीहरुको लागि समाचार

# Ota City Navigation




## 【ओता सहर शान्ति सहर घोषणा स्मारक कार्यक्रम "हानाबी (आतसबाजी) उत्सव"】

ओता सहरमा युवा पुस्तालाई शान्तिको बहुमूल्यता र महत्त्व बुझाउने र भविष्यमा पनि युद्ध बिनाको शान्तिपूर्ण सहरलाई कायम राख्ने उद्देश्यका साथ "हानाबी (आतसबाजी) उत्सव" को आयोजना गरिन्छ।

2023 साल अगस्ट 15 तारिख (मंगलबार)
*मौसम खराब भएमा रद्द गरिनेछ।

तामागावा नदीको किनार (निसिरोकुगो 4 च्योमे नजिक)

**एक्सेस**

- केइहिन क्युको लाइन "रोकुगोदोते" स्टेसनबाट हिँडेर लगभग 5 मिनेट
- कामाता स्टेसनको पश्चिमी एग्जिटबाट "रोकुगोदोते" जाने तोक्यु बसमा चढेर "रोकुगोदोते" मा ओर्लने। बसबाट ओर्लेपछि हिँडेर लगभग 3 मिनेट

*5:00 pm देखि 10:00 pm बीचको समयमा "ताकाहाता प्राथमिक विद्यालय" बाट फर्काएर चलाउने योजना

- कामाता स्टेसनको पूर्वी एग्जिटबाट "(रोकुगोबासी भएर) हानेदा स्याको" जाने केइक्यु बसमा चढेर "रोकुगोबासी" मा ओर्लने। बसबाट ओर्लेपछि हिँडेर लगभग 7 मिनेट

*यहाँ सवारी साधन चलाएर आउन सकिनेछैन।

संस्कृति प्रवर्द्धन शाखा
☎ 03-5744-1226　FAX 03-5744-1539　E-mail bunka@city.ota.tokyo.jp

---

···· कहिले　···· रकम　···· कति जना　···· आवेदन दिने तरिका　···· कहाँ　···· आवेदन दिने ठाउँ　···· सम्पर्क

# [ओता सहरको फोहोर वर्गीकरण एप्लिकेसन प्रयोग गर्नुहोस्]

के तपाईंले फोहोर निकाल्ने दिन, फोहोर छुट्ट्याउने तरिका आदिको कारण समस्या भएको अनुभव गर्नुभएको छ? ओता सहरमा आफूसँग भएको स्मार्टफोन प्रयोग गरेर फोहोर सङ्कलन गरिने दिन, फोहोर निकाल्ने तरिका, फोहोर निकाल्दा ध्यान दिनुपर्ने कुराहरू, फोहोर वर्गीकरण शब्दकोश जस्ता प्रायः सोधिने प्रश्नहरूको जवाफ सजिलै निश्चय गर्न सकिने एप्लिकेसनको व्यवस्था गरिएको छ। आफ्नो आवश्यकता अनुसार यसको प्रयोग गर्नुहोस्।

**ओता सहरको फोहोर वर्गीकरण एप्लिकेसन सम्बन्धी जानकारीको लागि यहाँ:**

https://www.city.ota.tokyo.jp/seikatsu/gomi/topics/gomi-bunbetsu-apli.html

सरसफाइ शाखा सङ्कलन तथा रिसाइकलिङ जिम्मेवार कर्मचारी
☎ 03-5744-1628
FAX 03-5744-1550
E-mail kan-seso@city.ota.tokyo.jp



©Ota City


# [हिट स्ट्रोकप्रति सावधानी अपनाउनुहोस्!]

हिट स्ट्रोक भयो भने रिँगटा लाग्ने, शरीर थाकेर आलस्य हुने जस्ता विभिन्न लक्षणहरू देखिन्छन्। वातावरण र क्रियाकलाप अनुसार जसलाई पनि हिट स्ट्रोक हुने खतरा हुन्छ। हिट स्ट्रोकको शंका लागेको बेला निम्न कुराहरू गर्नुहोस्।

1. **शीतल ठाउँमा सर्नुहोस्।**
2. **शरीरलाई चिसो बनाएर शरीरको तापमान घटाउनुहोस्।**
3. **शरीरमा पानी र नुनको मात्रा पूर्ति गर्नुहोस्।**
4. **स्वास्थ्य संस्थाबाट परामर्श लिनुहोस्।**

**विस्तृत जानकारीको लागि स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको HP मा गई निश्चय गर्नुहोस्।**

https://www.mhlw.go.jp/seisakunitsuite/bunya/kenkou_iryou/kenkou/nettyuu/nettyuu_taisaku/index.html



अन्तर्राष्ट्रिय सहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
☎ 03-5744-1227
FAX 03-5744-1323


©Ota City


©Ota City

# [विदेशी भाषामा मानव अधिकार परामर्श डायल सम्बन्धी जानकारी]

विदेशी नागरिक भएको कारण रोजगारी नदिइएको, अपार्टमेन्टमा नराखिएको, विद्यालयमा गिजाउने, तर्साउने, हेप्ने आदि (इजिमे) गरिएको जस्ता कुराहरूबारे चिन्तित व्यक्तिहरूले न्याय मन्त्रालयको "विदेशी भाषामा मानव अधिकार परामर्श डायल" प्रयोग गर्नुहोस्।
अंग्रेजी, चिनियाँ, कोरियन, फिलिपिनो, पोर्चुगिज, भियतनामिज, नेपाली, स्पेनिश, इन्डोनेसियन र थाई भाषामा सेवा उपलब्ध छ।

सोमबार~शुक्रबार 9:00 am~5:00 pm
(वर्षको अन्त्य तथा सुरुको अवधि बाहेक)

निःशुल्क

फोन

विदेशी भाषामा मानव अधिकार परामर्श डायल
(नाभी-डायल)
☎ 0570-090911

मानव अधिकार तथा लैङ्गिक समानता प्रवर्द्धन शाखा
☎ 03-5744-1148
FAX 03-5744-1556
E-mail jindanjo@city.ota.tokyo.jp

# [नागरिक पेन्सन बिमा शुल्क छुट आवेदनबारे]

नागरिक पेन्सन बिमा शुल्क भुक्तानी गर्न कठिनाइ भएको बेलाको लागि छुट प्रणालीको व्यवस्था छ। आवेदनको लागि सम्बन्धित व्यक्ति, पति वा पत्नी र घरमूली प्रत्येकको अघिल्लो वर्षको आयको छानबिन आवश्यक पर्नेछ। आवेदन पछि पेन्सन कार्यालयले छानबिन गरी स्वीकृत गरेमा नागरिक पेन्सन बिमा शुल्कको सम्पूर्ण रकम अथवा केही अंश छुट गरिनेछ। छुट आवेदनको दायरामा पर्ने अवधि 2 वर्ष 1 महिना अघिसम्म। हरेक वर्ष आवेदन आवश्यक पर्नेछ। नबुझेको खण्डमा ओता सहरको होमपेज हेर्नुहोस्।
https://www.city.ota.tokyo.jp/seikatsu/kokunen/nenkin/index.html

काउन्टर, हुलाक र इलेक्ट्रोनिक आवेदन मध्ये कुनै एक माध्यमद्वारा आवेदन दिनुहोस्।

नागरिक स्वास्थ्य बिमा तथा पेन्सन शाखा
नागरिक पेन्सनको जिम्मेवार कर्मचारीn
ओता सहर कामाता 5-13-14 3F 12 नम्बर काउन्टर
☎ 03-5744-1214
सोमबार~शुक्रबार 8:30 am~5:15 pm

ओता पेन्सन कार्यालय
ओता सहर मिनामी कामाता 2-16-1
टेक्रोपोर्ट कामाता सेन्टर बिलडिङ 3F
☎ 03-3733-4141
सोमबार 8:30 am~7:00 pm
मंगलबार~शुक्रबार 8:30 am~5:15 pm
दोस्रो शनिबार 9:30 am~4:00 pm

# [निवासी कर भुक्तानीबारे]

चरण 2 को विशेष सहर निवासी कर तथा जिल्ला निवासी कर (निवासी कर) को भुक्तानी म्याद अगस्ट 31 तारिख हो। चरण 3 को भुक्तानी म्याद अक्टोबर 31 तारिख हो। नबिर्सीकन भुक्तानी गर्नुहुन अनुरोध गर्दछौं। कर भुक्तानी सम्बन्धी परामर्शको लागि ओता सहरको होमपेजमा हेर्नुहोस्।

ओमोरी............................ ☎ 03-5744-1200
च्योफु ............................ ☎ 03-5744-1201
कामाता ............................ ☎ 03-5744-1202
ओता सहर बाहिर............ ☎ 03-5744-1203

सम्पर्क स्थानको लागि तपाईंले प्राप्त गर्नुभएको सूचना हेर्नुहोस्।

FAX 03-5744-1517
URL https://www.city.ota.tokyo.jp/seikatsu/zeikin/

···· कहिले ···· रकम ···· कति जना ···· आवेदन दिने तरिका ···· कहाँ ···· आवेदन दिने ठाउँ ···· सम्पर्क

## ["जापानी भाषामा प्रेजेन्टेसन (पूर्व नाम: जापानी भाषामा वक्तृत्व कला)"]



विस्तृत जानकारीको लागि यहाँ

जापानी भाषा अध्ययन गर्नुहुने विदेशी नागरिकहरू! के तपाईं फोटो आदि प्रयोग गरेर जापानी भाषामा आफ्नो भावना व्यक्त गर्न चाहनुहुन्छ? हामी तपाईंहरूको सहभागिता पर्खिरहेका छौं!

◆ आवेदनको लागि योग्यता: जापानी भाषा मातृभाषा नभएका, निम्न मध्ये कुनै एकमा पर्ने व्यक्तिहरू
- ओता सहरमा बसोबास गरिरहेको व्यक्ति
- ओता सहरमा अध्ययन गरिरहेको व्यक्ति
- ओता सहरमा काम गरिरहेको व्यक्ति

◆ प्रेजेन्टेसन समय, प्रति व्यक्ति 5 मिनेट जति हुनेछ।

◆ उदाहरणको लागि निम्न विषयहरूमा बोल्न सकिन्छ।
- जापान अथवा ओता सहरमा जीवनयापन गर्दा महसुस गरेको कुरा
- जापानको मन पर्ने कुरा र मन नपर्ने कुरा
- जापान र मातृभूमिको भिन्नता
- जापानमा आएर गर्न चाहने कुरा
- जापानमा भोगेका समस्याहरू (जापानी नागरिकहरूले सहयोग गरिदिए हुन्थ्यो जस्तो लागेको कुरा) आदि

अक्टोबर 29 तारिख (आइतबार)
1:30 pm~ 4:00 pm (योजना)

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) (कामाता 4-16-8 2F)

निःशुल्क (यातायात खर्च आफैले बेहोर्नु पर्नेछ)

10 जना जति

(सामान्य सम्मिलित संस्था) अन्तर्राष्ट्रिय सहर ओता संघ
☎ 03-6410-7981
FAX 03-6410-7982
E-mail mail@ota-goca.or.jp
URL https://www.ota-goca.or.jp/presentation/



## [बाल अध्ययन सहयोग क्लास]

यो क्लास जापानी भाषा अध्ययन गरिरहेका प्राथमिक विद्यालयका विद्यार्थीहरूको लागि हो। जापानी भाषा नबुझेर गृहकार्यको समस्या भइरहेको व्यक्तिहरू अवश्य पनि आउनुहोस्। स्वयंसेवी शिक्षकहरूसँग विद्यालयको गृहकार्य गरौं।

● के कस्ता कुराहरू गरिन्छ?
- गृहकार्य सहायता
- किताबको भाषा र शब्दहरूको अध्ययन
- किताबको सस्वरपठन आदि

● कसले भाग लिन सक्छ?
निम्न दायरामा पर्ने प्राथमिक विद्यालयका 3 ग्रेड~6 ग्रेडका विद्यार्थीहरू:
- ओता सहरमा बसोबास गरिरहेका अथवा ओता सहरको प्राथमिक विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीहरू
- जापानी भाषा गाह्रो लाग्ने, जापानी भाषा अध्ययन गरिरहेका विद्यार्थीहरू

2023 साल सेप्टेम्बर 13 तारिख, 20 तारिख, अक्टोबर 4 तारिख, 11 तारिख, 18 तारिख, नोभेम्बर 1 तारिख, 8 तारिख, 15 तारिख, डिसेम्बर 6 तारिख, 13 तारिख
3:30 pm~5:00 pm (10 पटक)

ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) (कामाता 4-16-8 2F)

3,000 येन

10 जना

अन्तर्राष्ट्रिय सहर ओता संघ
- URL https://www.ota-goca.or.jp/after_school_class/
- E-mail mail@ota-goca.or.jp
- ☎ 03-6410-7981
  FAX 03-6410-7982

हामीले यो जानकारीपत्र 1 वर्षमा 8 पटक प्रकाशन गरिरहेका छौं। यो जानकारीपत्र पुस्तकालय, बाल भवन, विशेष उपशाखा जस्ता ओता सहरका सुविधाहरू र JR कामाता, ओमोरी, केइक्यु जोसिकी जस्ता सहर भित्रका स्टेसनहरूमा वितरण गरिन्छ।

▼ विदेशी नागरिकहरूको लागि जानकारी

▼ बहुभाषी परामर्श काउन्टर

प्रकाशन ओता अन्तर्राष्ट्रिय शहर, बहुसांस्कृतिक सहजीवन प्रवर्द्धन शाखा
ठेगाना 〒144-0052 ओता सहर कामाता 4-16-8 2F ओता अन्तर्राष्ट्रिय आदानप्रदान केन्द्र (Minto Ota) भित्र
☎ 03-5744-1227 FAX 03-5744-1323